# सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

## माननीय न्यायाधीश श्री डा.आनन्दमोहन भट्टराई

## आदेश

०७३-WO-००६४

विषयः- उत्प्रेषण।

बिमल कुमार सिन्हा समेत------------------------------------------------------------ निवेदक

विरुद्ध

अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत-------------------------------------- विपक्षी

यसमा निवेदकको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री तुलसी भट्ट तथा अधिवक्ता श्री नारायण नेपालले गर्नु भएको वहस समेत सुनियो ।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम उत्प्रेषणको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र विपक्षी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र विपक्षी नं. ३ र ४ को हकमा आफै वा आफ्नो प्रतिनिधि मार्फत लिखितजवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कल समेत साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

अन्तरिम आदेश माग गरेको सन्दर्भमा हेर्दा निवेदकहरुलाई त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारबाट मिति २०७३।३।७ मा लेखिएको पत्र र स्पष्टिकरण पेश गरेपछी पुनः मिति २०७३।४।१६ मा लेखिएको पत्रहरु हेर्दा सो पत्रहरु त्रिभुवन विश्वविद्यालयबाट स्वतन्त्र रुपमा लेखिएको नभै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७३।२।६ को पत्रबमोजिम लेखिएको भन्ने देखियो । नेपालको अन्तरिम संविधानको १२० (१) अन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई " अनूचित कार्य वा भ्रष्टाचार" मा अनुसन्धान गर्न पाउने क्षेत्राधिकार रहेकोमा नेपालको संविधानको धारा २३९(१) मा कुनै सार्वजनिक पद धारण

गरेको व्यक्तिले "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको विषयमा सम्म अनुसन्धान गर्न पाउने क्षेत्राधिकार प्रदान गरेको पाइयो । यसबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को परिच्छेद ३ को व्यवस्था नै संविधान अनुकुल छ छैन भन्ने प्रश्न उत्पन्न भएको र सोही परिच्छेद अन्तर्गत दफा १२(क) को व्यवस्था रहेकोबाट सो व्यवस्थाको अस्तित्वमानै प्रश्न रहेको पाइयो । नेपालको संविधान जारी भैसकेपछी संविधान प्रदत्त क्षेत्राधिकारमा सिमित नरही दफा १२(क) को प्रयोग गरिएबाट क्षेत्राधिकारको प्रश्न सन्निहित भै अख्तियारबाट सुनुवाईको मौका नदिई कारवाहीको लागि पत्र लेखिएको भन्ने समेत निवेदकहरुको भनाई हुँदा र २०७३।४।१६ को पत्र कार्यान्वयन भएमा वा सो बमोजिम कारवाही अगाडी बढाईएमा निवेदकहरुको वृतिविकास समेत अवरुद्ध हुनजाने देखिंदा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्ममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन पालना गर्ने गरी त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारबाट लेखिएको उक्त मिति २०७३।४।१६ को पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरुको नाउँमा अन्तरिम आदेश जारी गरिएको छ ।

न्यायाधीश

इति संवत् २०७३ साल श्रावण २१ गते रोज ६ शुभम् ------------------------------